आर्थिक अभियान मंगलवार, १९ साउन २०७८ | Tuesday, 3 August 2021 पूँजीबजार ७
www.abhiyandaily.com

# SWABALAMBAN LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central Office, Kathmandu

## UNAUDITED FINANCIAL RESULTS

### As at 4th Quarter (2078/03/31) of Fiscal Year 2077/78

Figs. In NPR ('000)

| S.No. | Particulars | This Quarter Ending (Asadh end 2078) | Previous Quarter Ending (Chaitra end 2077) | Corresponding Previous Year Quarter ending (Asadh end 2077) |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities** | 19,155,262 | 18,643,535 | 17,219,009 |
| 1.1 | Paid Up Capital | 943,000 | 943,000 | 792,399 |
| 1.2 | Reserve and Surplus | 1,748,873 | 1,293,118 | 1,362,505 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 4,615,236 | 5,040,376 | 4,763,451 |
| 1.5 | Deposit (a+b) | 10,623,003 | 10,423,476 | 9,285,154 |
| | a. Domestic Currency | 10,623,003 | 10,423,476 | 9,285,154 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liability | - | - | - |
| 1.7 | Other Liabilities | 1,225,150 | 943,565 | 1,015,499 |
| 2 | **Total Assets (2.1 to 2.7)** | 19,155,262 | 18,643,535 | 17,219,009 |
| 2.1 | Cash and Bank Balance | 194,137 | 401,276 | 325,293 |
| 2.2 | Money at Call and Short Notice | 173,531 | 309,626 | 322,819 |
| 2.3 | Investments | 2,000 | 687,750 | 634,978 |
| 2.4 | Loans and Advances | 17,331,983 | 16,562,702 | 15,206,151 |
| 2.5 | Fixed Assets | 47,697 | 49,115 | 43,230 |
| 2.6 | Non Banking Assets. | - | - | - |
| 2.7 | Other Assets | 1,405,915 | 633,065 | 686,539 |
| 3 | Profit & Loss Account | Upto This Quarter | Upto Previous Quarter | Upto Corresponding Previous Year Quarter |
| 3.1 | Interest Income | 2,475,193 | 1,778,022 | 2,632,966 |
| 3.2 | Interest Expense | 1,023,858 | 752,164 | 1,378,163 |
| | **A. Net Interest Income (3.1-3.2)** | 1,451,334 | 1,025,858 | 1,254,803 |
| 3.3 | Fees, Commission and Discount | 11,325 | 8,106 | 10,321 |
| 3.4 | Other Operating Income | 369,663 | 255,516 | 253,130 |
| 3.5 | Foreign Exchange Gain/Loss(Net) | - | - | - |
| | **B. Total Operating Income** | 1,832,323 | 1,289,480 | 1,518,254 |
| 3.6 | Staff Expenses | 588,427 | 420,530 | 500,396 |
| 3.7 | Other Operating Expenses | 111,054 | 76,333 | 112,352 |
| | **C. Profit Before Provision** | 1,132,842 | 792,617 | 905,507 |
| 3.8 | Provision for Possible Losses | 291,049 | 810,063 | 340,134 |
| | **D. Operating Profit (C-3.8)** | 841,793 | (17,446) | 565,373 |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 141,512 | 244,318 | - |
| | **E. Profit from Regular Activities** | 983,305 | 226,871 | 565,373 |
| 3.11 | Extra-ordinary Income/Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes** | 983,305 | 226,871 | 565,373 |
| 3.12 | Provision for Staff Bonus | 98,331 | 22,687 | 56,537 |
| 3.13 | Provision for Tax | 265,492 | 61,256 | 152,651 |
| | **G. Net Profit/Loss (F-3.12-3.13)** | 619,482 | 142,928 | 356,185 |
| 4 | Ratios | At the end of This Quarter | At the end of Previous Quarter | At the end of Corresponding previous year quarter |
| 4.1 | Capital Fund to RWA | 11.42% | 9.11% | 9.80% |
| 4.2 | Non Performing Loan (NPL) to Total loan | 4.38% | 15.38% | 1.99% |
| 4.3 | Total Loan Loss Provision to NPL | 97.85% | 43.64% | 180.48% |
| 4.4 | Cost of Funds | 7.26% | 7.20% | 9.47% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 170.46% | 170.33% | 169.87% |

Note : The above financial performance & position are subject to change from supervisory authority and Statutory Auditor.

| Interest Rate | |
|---|---|
| Savings: 6%-8% | Loan and Advance: 12%-15% |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची – १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.व. २०७७/७८ को चौथो त्रैमासिक विवरण

**१. वित्तीय विवरण :**

(क) वित्तीय संस्थाको चौथो त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

| प्रति शेयर आम्दानी | (मूल्य आम्दानी अनुपात) P/E ratio | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु ६५.६९ | २५.२५% | रु २८५.४६ | रु २,०३१/- | ५.७९% |

**२. व्यवस्थापकीय विश्लेषण :**

**(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
यस वित्तीय संस्थाको कारोवार, मौज्दात, तरलता र आम्दानी विश्वभर फैलिएको कोरोना भाइरसको कारण देशव्यापी लकडाउन भएकोले नियमित वित्तीय कारोवारमा असर गरेकोमा देश व्यापी रुपमा २०७७ असारदेखि लकडाउन खुकुलो भएको र ग्राहक सदस्यहरुलाई कारोवारमा प्रोत्साहित गरेको साथै उनिहरुले तिर्नुपर्ने ब्याज रकम तिरेमा उक्त ब्याज रकममा छुट दिएसँगै समग्र कारोबारमा वृद्धि भएकोले यस त्रैमासमा आम्दानी सन्तोषजनक रहेको छ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले गरीबी मुक्त समृद्ध समाज स्थापना गर्न सहयोग गर्ने, लघुवित्त सेवामा सहज पहुँच उपलब्ध गराई ग्रामीण तथा शहरी विपन्न वर्गको आर्थिक सामाजिक अवस्था सुधार गर्ने र स्थानीय श्रोत साधन तथा सीपको भरपुर उपयोग गरी आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउन विपन्न तथा न्यून आय भएका घरपरिवारलाई लघुकर्जाको सहज पहुँचको उपलब्धतालाई अभिवृद्धि गर्ने उद्देश्यले नेपाल भरीनै लघुवित्त सेवा क्रमशः विस्तार गर्दै गएको छ। हाल देशभर १४० वटा शाखा कार्यालय मार्फत २ लाख ५१ हजार १ सय ६१ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस चौथो त्रैमासिक समीक्षा अवधि सम्ममा लगानीमा रहेको कर्जा रु. १८ अर्ब १० करोड र बचत रु १० अर्ब ६२ करोड पुऱ्याइ सकिएको छ। यस संस्थाले सूचना प्रविधिको प्रयोग गरी छिटो छरिटो र विश्वसनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रित गरी उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ।

(ग) आगामी दिनमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच कम भएका क्षेत्रहरुलाई विशेष प्राथमिकता दिइने छ।

(घ) प्रभावकारी व्यवस्थापन सूचना प्रणाली तथा आन्तरिक नियन्त्रण प्रणालीको आधारमा वित्तीय संस्थाले आफ्नो सेवालाई अझ बढी ग्राहकमुखी बनाउँदै मुलुकको एक नेतृत्वदायी लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुने लक्ष्य लिएको छ। यसको लागि कर्मचारी तथा ग्राहकको क्षमता अभिवृद्धिमा अरु बढी ध्यान दिइनेछ।

(ङ) विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
हाल विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरको प्रभाव नेपालमा पनि पर्न थालेकोले नेपाल सरकारले जारी गरेको लकडाउन (बन्दावन्दी) को असर यस संस्थामा पनि पर्न गएको छ। यस परिस्थितिका बावजुद पनि यस वित्तीय संस्थाका अधिकांश कार्यालयहरु सुरक्षाका प्रयाप्त उपायहरु अवलम्बन गर्दै आफ्ना ग्राहक सदस्यहरुलाई सम्पर्क गर्ने, सुरक्षित रहन जनचेतना तथा सहानुभुती प्रदान गर्ने, विगतमा भएका बन्दाबन्दीमा पनि सञ्चालन हुनसक्ने व्यवशाय प्रबर्द्धनका लागि द्रुतगतिमा आवश्यक कर्जा उपलब्ध गराउने लगायतका सेवाहरु प्रदान गर्दै आएको छ। उपरोक्त बाहेक लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुको दोहोरोपना र बहुबैंकिङ्ग कारोबार आदि कारणले वित्तीय संस्थालाई नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले सोको उचीत व्यवस्थापन गरिदै आएको छ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :**

(क) समीक्षा अवधिमा वित्तीय संस्थाले कसैको बिरुद्धमा मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको बिरुद्धमा कसैले मुद्दा दायर गरेको सूचना प्राप्त भएको छैन।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्दमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबारमा समय समयमा उतार चढाव देखिएता पनि कारोवारको अवस्था भने संतोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्स्चेन्ज लि.को वेभसाईट www.nepalstock.com.np अनुसार समिक्षा अवधिमा वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार रहेको पाइएको छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य : | कारोबार भएको कूल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रु. १,९४४/- | रु १,५७७/- | रु.१,६५९/- | ६५ | १०,९४७ |

**५. समस्या तथा चुनौती :**
हाल विश्वभर महामारीको रुपमा पुनः दोस्रो लहरको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) जस्ता अप्रत्याशित रुपमा पर्ने प्राकृतिक तथा अन्य विपत्तिबाट सिर्जित परिस्थितिको प्रभावले गर्दा कर्जा असुली, आम्दानी र संस्थाको अरु सामाजिक गतिविधीहरुमा नकारात्मक असर पार्ने देखिएतापनि उक्त असरलाई न्यूनिकरण गर्ने प्रयास रहनेछ। कोभिड-१९ को फैलँदो संक्रमणको कारण यस्को बढि प्रभाव भएका स्थानहरुमा बन्दाबन्दी/निषेधाज्ञा, लघुवित्त कार्यक्रम र यसका सदस्यहरुको बढ्दो दोहोरोपना, बहुबैंकिङ्ग कारोबार, पुराना तथा दक्ष कर्मचारीहरुको बहिर्गमन (ड्रपआउट), बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध हुने विपन्न वर्ग कर्जाको ब्याजदरको वृद्धिले Cost of Fund वृद्धि, नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुन सक्ने नीतिगत परिवर्तन र सोबाट सिर्जित हुनसक्ने समस्या आदिलाई वित्तीय संस्थाले समस्या तथा चुनौतिका रुपमा लिएको छ। वित्तीय संस्थामा रहेको जनशक्तिको उचित व्यवस्थापन, तालिम र समयानुकुल व्यवसायिक रणनीति अपनाई वित्तीय संस्थाले प्रदान गर्ने सेवामा प्रभावकारी र विविधिकरण गर्दै खर्चमा मितव्ययीता अपनाईने छ।

**६. संस्थागत सुशासन :**
नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रबन्ध पत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि निर्देशिका, सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति, लगानी नीति, कुर्जा नीति बनाइ लागू गरिएको छ। व्यवस्थापनको साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धिकरण अनुगमन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन्।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।